# गैर-चिनियाँ भाषी विद्यार्थीहरुको चिनियाँ भाषाको लेखाई र पढाईको प्रदर्शन

डा एचयूआई सौ-यानद्धारा लिखित, शिक्षा संकाय, हङ्गकङ्ग विश्वविद्यालय

गैर-चिनियाँ भाषी (एनसीएस) विद्यार्थीहरुको लागि भाषाको शिक्षामा चिनियाँ भाषा सिक्नु भनेको एउटा चिन्ताको विषय हो । हालको वर्षहरुमा, सरकारले चिनियाँ भाषा सिक्ने एनसीएस विद्यार्थीहरुको लागि अझ बढि सहयोग पुर्याउनका लागि "चिनियाँ भाषा पाठ्यक्रम दोस्रो भाषा सिकाई ढाँचा" ("सिकाई ढाँचा") प्राथमिक र माध्यमिक विद्यालयहरुमा लागू गरेको छ र प्राथमिक तथा माध्यमीक विद्यालयहरुमा १० वा सो भन्दा बढि एनसीएस विद्यार्थीहरु भर्ना गरी चिनियाँ भाषा सिक्न सहयोग पुर्याउन र समावेशी रुपमा सिक्ने वातावरण सृजना गर्नका लागि प्रत्येक वर्ष देखि $८०००००देखि $१५०००००सम्मको अतिरिक्त अनुदानको प्रावधान ल्याएको छ ।

एनसीएस विद्यार्थीहरुको चिनियाँ भाषा सिकाईको प्रदर्शन बुझ्नको लागि, शिक्षा विभागले, २०१३/१४ शैक्षिक शत्र देखि, हङ्गकङ्गको विश्वविद्यालयलाई एनसीएस विद्यार्थीहरुको चिनियाँ पढाई र लेखाई को प्रदर्शनको विश्लेषण गर्नका लागि कमीशन दिएको छ । अनुपातिक स्याम्पिलङ्गद्धारा १० वा सो भन्दा बढि एनसीएस विद्यार्थीहरु भर्ना गर्ने स्थानीय प्राथमिक वा माध्यमिक विद्यालयहरुबाट डाटाहरु संकलन गरिएको छ । सरकारको सहयोग र प्रोत्साहनले गर्दा, पछिल्लो केही वर्षहरुमा सार्वजानिक क्षेत्रका विद्यालयहरुमा एनसीएस विद्यार्थीहरुको भर्ना गर्ने क्रम बढ्दो छ । माथिको विश्लेषणमा समावेश गरिएका प्राथमिक तथा माध्यमिक विद्यालयहरुको संख्या पनि २०१३/१४ शैक्षिक शत्रमा १५१ देखि २०१७/१८ शैक्षिक शत्रमा २२८ सम्म बढेको छ । भर्ना गरिएका एनसीएस विद्यार्थी अनुसार प्रत्येक विद्यालयबाट स्याम्पल हरु लिइएको थियो, र प्रत्येक वर्ष २,००० देखि ४,००० स्याम्पहरु प्राप्त गरिएको छ । पछिल्लो ५ शैक्षिक शत्रको सारांश विश्लेषण हेर्दा उत्साहजनक, र एनसीएस विद्यार्थीहरुको पढाई र लेखाई को प्रदर्शनमा क्रमिक रुपमा सुधार आएको छ ।

## निम्न प्राथमिक विद्यार्थीहरुले पढाई र लेखाईमा सुधार देखाउँदै

अवलोकन अनुसार, प्राथमिक तहमा रहेका एनसीएस विद्यार्थीहरुले हालको वर्षहरुमा भाषा सिकाईमा बलियो आधार बनाएका छन् । तिनीहरुले पढ्ने मात्र नभएर, सामान्यतया दैनिक जीवनमा प्रयोग हुने चिनियाँ अक्षरहरु पनि लेख्न सक्छन् । आधारभूत भाषा प्रवीणता अनुसार, निम्न प्राथमिक तहमा रहेका एनसीएस विद्यार्थीहरु र तिनीहरुको चिनियाँ-भाषी समकक्षहरुबीचको असामनता शैक्षिक शत्र २०१७/१८ मा क्रमिक रुपमा साँघुरिएको छ । २०१३/१४ शैक्षिक शत्रसँग तुलना गर्ने हो भने, प्राथमिक ३ का विद्यार्थीहरुले पढाई र लेखाई दुवैमा सुधार देखाएका छन् । तुलनात्मक रुपले उच्च क्षमता भएका विद्यार्थीहरुले पढेका भाषणहरु र चित्रण गरिएका पात्रहरुमा टिप्पणी गर्न सक्षम भएका छन्, र अनुच्छेदमा संयोजकको प्रयोगमा आफ्नो विचारहरु व्यक्त गर्न सकेका छन् । विद्यार्थीहरुलाई सिकाईको अर्को चरणमा जानु अघि यस्ता भाषाको क्षमताहरु आवश्यक हुन्छ । प्राथमिक तह ४ र ५ का विद्यार्थीहरुले पनि पढाई मा राम्रो प्रगति देखाएका छन् ।

डाटाले यस्तो देखाएको छ की एनसीएस विद्यार्थीहरुलाई उनीहरुको भाषा प्रवीणतामा अझ बढि सुधार ल्याउने हो भने प्राथमिक ३ देखि प्राथमिक ४ सम्मको संक्रमण अवधिमा सुविधाको अति नै महत्व हुन्छ । यस सम्बन्धमा, पछिल्लो वर्षमा शिक्षा विभागले हङ्गकङ्गको विश्वविद्यालयलाई "सिकाई ढाँचा" को तह २ र ३ अनुसार, विद्यार्थीहरुलाई पढाई र लेखाईमा हुने समस्याहरु हटाउन प्राथमिक विद्यालयहरुसँगै काम गर्न र प्रणालीगत शिक्षा र शिक्षा सामाग्रीको विकास गर्न कमिसन दिएको थियो ।

माध्यमिक तहहरुमा, विद्यालयहरु र विद्यार्थीहरुले प्रदान गरेको सहयोगले समग्र रुपमा पढाई को प्रदर्शन राम्रो रहेको थियो । अझै, उनीहरुको प्रगति प्राथमिक तहको जस्तो उल्लेखनीय रहेको थिएन । माध्यमिक विद्यार्थीहरु मध्ये, त्यस्ता विद्यार्थीहरु जो प्राथमिक तहमा रहेका छन् उनीहरुको प्रगति अझ बढि उल्लेखनीय रहेको थियो र तिनीहरुले प्राप्त गर्ने पूर्ण संख्याको प्रतिशत हालको वर्षहरुमा बढेको छ । निम्न माध्यमिक विद्यार्थीहरुले पनि लेखाईमा सुधार देखाएका छन् । केही उच्च क्षमता भएका विद्यार्थीहरुले घटनाहरुको बारेमा वर्णन गर्न र बुझाउन पनि सक्छन् र तिनीहरुको लेखाइ मिलेका र तार्किक पनि थिए । केही माध्यमिक तहका जेष्ठ विद्यार्थीहरु जसको तुलनात्मक रुपले उच्च क्षमता छ उनीहरु पूरा रुपमा आफ्नो भावनाहरु व्यक्त गर्न सक्छन र उनीहरुको लेखाइमा एउटै तहका चिनियाँ भाषी समकक्षहरुको भन्दा कम प्रवीणता भए पनि संस्थालाई राम्रा सोचविचारहरु दिने गर्दछन् ।

## *प्रभावकारी चिनियाँ भाषा सिक्ने वातावरण बनाउन अभिभावकको भूमिका*

हाम्रो पछिल्लो पाँच शैक्षिक शत्रहरुमा संकलन गरिएका स्याम्पलहरुको विश्लेषण अनुसार, एनसीएस विद्यार्थीहरुले (तिनीहरु सहित जो त्यस्ता विद्यालयमा पढेका छन् जहाँ धेरै एनसीएस विद्यार्थीहरु भर्ना गरिन्छ) उनीहरुको कडा मिहेनत र सरकार र विद्यालयको सहयोगले गर्दा शैक्षिक शत्र २०१३/१४ देखि क्रमिक रुपमा सुधार गरेका छन् । यो कुरा स्पष्ट भएको छ कि जब देखि उपयुक्त सहयोग प्रदान गरियो, एनसीएस विद्यार्थीहरु चिनियाँ भाषामा निपुण हुन सकेको र सिक्ने क्रममा आउने समस्याहरु हटाई दोस्रो भाषाको रुपमा चिनियाँ भाषा सिक्न सफल भएका छन् ।

हाम्रो अवलोकनले यो पनि ठोकेर भन्छ कि एनसीएस विद्यार्थीहरुको चिनियाँ सिक्ने प्रदशर्नमा अझ बढि वृद्दि गर्नका लागि सरकार, विद्यालयहरु र शिक्षकहरुको घनिष्ट सहयोगको साथै अभिभावकको सहयोग पनि उत्तिकै महत्वपूर्ण हुन्छ । चिनियाँ भाषा नबोल्ने अभिभावकले पनि आफ्नो बच्चाहरुलाई होसियारपूर्वक चिनियाँ भाषा सिक्नका लागि प्रोत्साहन गराउन भूमिका निर्वाह गर्न सक्छन् । उनीहरुले सके सम्म चाँडै चिनियाँ भाषा बढि प्रयोग हुने वातावरण भएको किन्डरगार्टन वा विद्यालयको व्यवस्था गर्न सक्छन् जसले गर्दा उनीहरुको बच्चाहरु चिनियाँ भाषा सिक्न प्रेरित हुन्छन् ।

सिक्नको लागि प्रेरणा, प्रभावकारी भाषाको वातावरण, सिक्नको लागि प्रभावकारी रणनीति, समयको लगाव र अठोट भनेका सबै प्रभावकारी रुपमा भाषा सिक्नका लागि चाहिने आधारभूत सामाग्री हुन् । हामी एनसीएस विद्यार्थीहरुलाई चिनियाँ भाषा सिक्न र उत्कृष्ट नतिजा हासिल गर्नका लागि सहयोग

पुर्याउन सबै सरोकालवालाहरुको प्रयासहरु हेर्नका लागि इच्छुक छौँ ।

अगस्ट २०१८